कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०१।३०

कर्णाली प्रदेश सरकारले गरिब, बेरोजगार तथा विपन्न दलितको परम्परागत पेशा वा व्यवशायलाई आधुनीकरण गर्दै आय आर्जन क्षमता विकास गर्न देहायका कार्यक्रम सञ्चालन गर्न लागेको हुँदा यस कार्यक्रममा सहभागी हुन चाहने सुर्खेत जिल्ला भित्रका इच्छुक दलित तथा दलित समुदायलाई वित्तीय पहुँच सेवा दिन इच्छुक सहकारी संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र देहाय बमोजिमका कागजात संलग्न राखी यस निर्देशनालयमा आवेदन दिनुहुन मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली,२०८० को नियन ८ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम | आवश्यक लाभग्राही संख्या |
|---|---|---|
| १. | सीप विकास तालिम कार्यक्रम | |
| | गुर्भाकोट न.पा, सुर्खेतमा सिलाई मेशिन मर्मत तालिम | कम्तीमा २० |
| | वीरेन्द्रनगर न.पा. सुर्खेतमा भुकम्प प्रतिरोधात्मक डकर्मी तालिम | कम्तीमा २० |
| | पञ्चपुरी न.पा. सुर्खेतमा दुना टपरी बनाउने वा आधुनिक आरन सम्बन्धी तालिम | कम्तीमा २० |
| २. | सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रम | ----- |
| ३. | वित्तीय पँहुच सहयोग कार्यक्रम | ----- |

आवश्यक कागजातः

१. सीप विकास तालिम कार्यक्रमको लागि आबश्यक कागजात

क. अठार वर्ष उमेर पूरा भएको,

ख. नेपाली नागरिकता प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र,

ग. सम्वन्धित निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रमबाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानीय तहको सिफारिस,

घ. नियमावलीको अनुसूची-३ बमोजिमको आवेदन,

ङ. सीप विकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवशायमा संलग्न भएको प्रमाण र तालिम पछि आय आर्जन व्यवसायमा संलग्न हुने कबुलीयतनामा ।

२. सामग्री तथा पूर्वाधार सहयोग कार्यक्रमका लागि आवश्यक कागजात

क. अठार वर्ष उमेर पूरा भएको,

ख. नेपाली नागतिकता प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र,

ग. सम्वन्धित निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, समान प्रकृतिको कार्यक्रमबाट लाभ प्राप्त नगरेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको व्यहोराको स्थानीय तहको सिफारिस,

घ. नियमावलीको अनुसूची-१ बमोजिमको व्यावसायिक योजना, लागत साझेदारी प्रस्ताव, व्यवसाय दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,

ङ. नियमावलीको अनुसूची-३ बमोजिमको आवेदन,

च. पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेसिन, उपकरण वा पूर्वाधार निर्माणको व्यवसायिक प्रस्ताव,

छ. दलितलाई सङ्गठित गरी सामूहिक रुपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण सम्बन्धी आयोजना प्रस्ताव,

ज. सीप अभिवृद्धि तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागि आयोजना प्रस्ताव,

झ. लाभग्राहीलाई सङ्गठित गरी सामूहिक स्तरमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव,

चौकुने गाउँपालिका

ञ. समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समूहको निर्णयको प्रतिलिपि र सदस्यको नामावली,

ट. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता।

३. <u>वित्तीय पहुंच सहयोग कार्यक्रमका लागि आवश्यक कागजात</u>

क. सहकारी संस्थाको संख्या दर्ता प्रमाण पत्र, विनियन, पछिल्लो लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,

ख. नियमावलीको अनुसूची-१ बमोजिमको व्यावसायिक योजना र अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,

ग. सहकारी संस्थाको साधारण सभा वा सञ्चालक समितिवाट बिउपूँजी रकम प्राप्त गरी आय आर्जन कार्यक्रममा अधिकतम् परिचालन गर्ने व्यहोराको निर्णयको प्रतिलिपि,

घ. सहकारी संस्थाको कार्यक्षेत्र, वित्तीय क्षमता, शेयर सदस्य संख्या र संगठनात्मक संरचनाको विवरण खुलेको कागजात,

ङ. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता।

४. <u>लाभग्राही छनोटको आधारहरु</u>

मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को नियम ९ बमोजिम योग्यता पुगेको लाभग्राहीको सोही नियमावलीको नियम १०, नियम ११ र सञ्चालक समितिले लाभग्राही छनौटका लागि बनाएको मापडण्ड समेतको आधारमा गरिने छ ।

थप जानकारीको लागि सम्पर्क न.
९८५८०६०१३४ तथा ९८११७९६८८०
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
कार्णाली प्रदेश, सुर्खेत

निर्देशक